# च्याउ खेती प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधि - २०७७

प्रस्तावना

माडी नगरपालिकाभित्र च्याउ खेतीको क्षेत्र विस्तार, उत्पादन एवम् उत्पादकत्वमा बृद्धि गरी कृषकको जीवनस्तर उकास्न र च्याउ खेतमा माडीलाई आत्मनिर्भर बनाउन च्याउ खेती प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले

नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१). यो कार्यबिधिको नाम **"च्याउ खेती प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधि २०७७"** रहेको छ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** बिषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा:-

(क) **"समूह"** भन्नाले माडी नगरपालिकामा प्रचलित कानून बमोजिम रुपमा दर्ता भएको कृषक समूह सम्झनु पर्छ।

(ख) **"सहकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनु पदर्छ।

(ग) **"फर्म"** भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई संञ्चालनमा रहेका फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(घ) **"समिति"** भन्नाले यस कार्यबिधिको दफा ७ बमोजिम गठित प्रस्ताब छनोट तथा मूल्याङ्कन समिति सम्झनु पर्छ।

(ङ) **"शाखा"** भन्नाले माडी नगरपालिका अन्तर्गतको कृषि सम्वन्धी विषय हेर्ने शाखा सम्झनु पर्छ।

(च) **"कार्यक्रम"** भन्नाले च्याउ खेती प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ।

३. **कार्यक्रमको उद्देश्य :** च्याउ खेती प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहायवमोजिम हुनेछ :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

(क) उन्नत प्रबिधिको प्रयोगबाट च्याउको क्षेत्रफल बिस्तार तथा सुदृढिकरणद्वारा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

(ख) नगरपालिकामा च्याउको आयात प्रतिस्थापन गरी आत्मनिर्भर बनाउने,

(ग) च्याउको उत्पादनमा नयाँ प्रबिधि र उन्नत जातहरुको पहिचान गरी सम्भब्यताको आधारमा बिस्तार गर्ने,

(घ) च्याउ खेतीमा कृषि समूह तथा फर्महरुलाई आकर्षित गरी एकिकृत रुपमा च्याउ खेती विस्तार गर्ने,

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रकृया

४. **प्रस्ताव आव्हान गर्ने:** (१) नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनको क्रममा कृषि समूह तथा फर्महरुबाट माग संकलन गर्नका लागि बढिमा ३० दिने सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्न अनुसूची १ बमोजिमको ढाँचा प्रयोग गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव पेश गर्नुपर्ने अवधिभरमा आवश्यक प्रस्ताव तथा आवेदन पर्न नआएमा म्याद थप गरी सूचना पुन:प्रकाशन गर्न बाधा पर्ने छैन ।

५. **प्रस्ताव पेश गर्ने:** (१) दफा ४ बमोजिम प्रस्ताव आव्हान भएपछि इच्छुक समूह वा फर्मले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन फाराम र अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको अवधिभित्र आवेदन शाखामा पेश गर्नु पर्नेछ ।

(२) प्रचलित कानून बमोजिम माडी नगरपालिकामा दर्ता भई क्रियाशिल रहेका कृषि फर्म वा कृषक समूहले ब्यबसायिक च्याउ खेतीका लागि प्रस्ताब पेश गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा समूह वा फर्मले एक पटकमा कम्तीमा २०० पोकामा च्याउ खेती गर्ने योजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।

६. **शाखा जिम्मेवार हुने:** कार्यक्रम सञ्चालनका लागि प्रमुख जिम्मेवारी शाखाको रहनेछ ।

७. **प्रस्ताब मूल्याङ्न तथा छनोट समिति रहने:** (१). तोकिएको समय सिमा भित्र बिधिवत रुपमा पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन गरी समूह तथा फर्मको छनोट गर्नका लागि देहायबमोजिमको प्रस्ताव मूल्यांकन तथा छनोट समिति रहनेछ:

(क) नगर उपप्रमुख -अध्यक्ष

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७२

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कृषि तथा सहकारी समिति संयोजक -सदस्य

(घ) प्राविधिक शाखा प्रमुख -सदस्य

(ङ) कृषि शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) रीतपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने ।

(ख) आवेदनसाथ पेश भएका प्रस्तावको मूल्यांकन गर्ने ।

(ग) आवेदन पेश गर्ने आवेदक समूह तथा फर्मको निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

(घ) आवेदन, प्रस्ताव र निरीक्षण एवम् अनुगमन समेतका आधारमा कार्यक्रम सञ्चालनका लागि समूह तथा फर्म छनोट गर्ने ।

८. **प्रस्ताव मुल्याङ्कन छनोट र सम्झौता प्रक्रियाः** (१) प्रचलित कानून बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावहरु दफा ७ को उपदफा (१) बमोजिमको समितिबाट मुल्याङ्कन हुनेछ । त्यसरी प्रस्ताव मूल्याङ्कन गर्दा अनुसूची ४ बमोजिमको मापदण्डका आधारमा गरिनेछ ।

(२) उपदफा १ बमोजिम प्रस्तावको प्रारम्भिक मुल्याङ्कन गर्दा आवेदनसाथ संलग्न कागजातहरु भएका प्रस्तावहरु मात्र स्थलगत निरीक्षण र थप मुल्याङ्कनका लागि योग्य मानिने छ ।

(३) समितिले आवश्यकता अनुसार अनुसुची-४ मा तोकिएको मूल्याङ्कन शिर्षक र अङ्कभार भित्र रही थप मूल्याङ्कनका आधारहरु निर्धारण गर्न सक्नेछ ।

(४) प्रारम्भिक छनोटमा परेका प्रस्तावहरुको अनुसुची ४ बमोजिमका आधारमा स्थलगत निरिक्षण गरी मुल्याङ्कन गर्नुपर्नेछ ।

(५) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको देखिएमा त्यस्ता प्रस्तावलाई अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मात्र मूल्याङ्कन गरिनेछ ।

(६) कार्यक्रम सञ्चालनका लागि समूह तथा फर्म छनोट गर्दा जम्मा संख्याको बीस प्रतिशत हुने गरी वैकल्पिक समूह र फर्म समेत छनोट गरिनेछ ।

(७) छनोट भएका समूह वा फर्मले समयमै कार्यक्रम सञ्चालन नगरेमा उपदफा (६) बमोजिमको वैकल्पिक समूह वा फर्मलाइ नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनका लागि अनुमति दिनेछ ।

९. **कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराइने:** (१) कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका क्रियाकलापहरुमा नगरपालिकाले अनुदान उपलब्ध गराउने छ ।

| क्र.सं. | क्रियाकलाप बिबरण | क्रियाकलापको विस्तृतीकरण | अनुदानको मात्रा |
|---|---|---|---|
| १ | संरचना निर्माण | टनेल (बास, सल्पोलिन, प्लास्टिक, प्यार्केजिङ प्लास्टीक आदी) | ५० प्रतिशत अनुदान |
| २ | सिंचाई व्यबस्थापन | साना सिंचाई निर्माण, पाइप तथा सिंचाई व्यबस्थापन | ५० प्रतिशत अनुदान |
| ३ | कृषि औजार उपकरण | ई. स्प्रेअर, ड्रम, छाँटी काट्ने मेसिन, डल्ला पार्ने मेसिन, डोरी, आदी | ५० प्रतिशत अनुदान |
| ४ | विषादी | विषादी खरिद | ५० प्रतिशत अनुदान |
| ५. | तालिम | खेती प्रविधि तालिम | ५० प्रतिशत |
| ६. | स्पन बीउ | स्पन खरिद | ५० प्रतिशत अनुदान |

## परिच्छेद -३
## सम्झौता र अनुदान प्रबाह प्रक्रिया

१०. **लागत इस्टिमेट र सम्झौता :** (१) प्रस्ताव छनोट पश्चात समूह वा फर्मले प्रस्ताव अनुसार सम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्वेक्षण गराएर लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागि शाखामा पेश गर्नु पर्नेछ ।

(२) स्वीकृत इस्टिमेटको आधारमा नगर कार्यपालिकाको कार्यालय र समूह वा फर्मबीच अनुसुची-५ बमोजिमको सम्झौता गरिनेछ ।

(३) समूह वा फर्मले कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होडिङ्ग बोर्ड सर्वसाधरणले देख्ने गरी राख्नु पर्नेछ ।

(४) लागत इस्टिमेट तयार गर्दा कुल अनुदानको ३% रकम कन्टीजेन्सी स्वरुप राखिनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

११. **खर्च सम्बन्धी व्यवस्था :** (१) कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

(२) समूह वा फर्मलाई कामका प्रगति अनुसार कार्य सम्पन्नता पश्चात सम्झौता बमोजिम अनुदान रकम बैंक खाता माफंत भुक्तानी गरिनेछ ।

(३) एक प्रस्तावकलाई प्रस्तावित योजना र क्षेत्रफल अनुसार स्वीकृत लागत अनुमानको आधारमा ५० प्रतिशत वा अधिकतम रु. एक लाख अनुदान रकम उपलब्ध गराइनेछ ।

## परिच्छेद -४
## अनुगमन तथा बिबिध

१२. **अनुगमन र मुल्याङ्कनः** (१) कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने मुख्य जिम्मेवारी समितिको हुनेछ ।

(२) उपदफा (१) को अतिरिक्त माडी नगर कार्यपालिकाको कार्यालय र शाखाबाट समेत अनुगमन तथा निरीक्षण कार्य गरिनेछ ।

१३. **बिमा :** व्यवसायिक च्याउ खेतीको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्नेछ ।

१४. **प्रचलित कानून बमोजिम हुने :** कार्यक्रम कार्यान्वयनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएका विषयहरुको हकमा यसै बमोजिम र कार्यविधिमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **संशोधन गर्न सकिनेः** यस कार्यविधिमा कुनै हेरफेर वा थपघट गर्नु परेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१६. **खारेजी र बचाउः** (१) च्याउ खेतीका सम्वन्धमा यस अघि भएका कार्यक्रमहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७४

अनुसुची -१

(दफा ५ को उपदफा १ सँग सम्बन्धित )

**च्याउ खेती प्रवर्द्धन कार्यक्रमको अनुदान सम्बन्धी प्रस्ताव आव्हानको सुचना**

सूचना !!!

आर्थिक वर्ष ..................को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषि तर्फको व्यवसायिक च्याउ खेती प्रवर्द्धन कार्यक्रम रहेका हुंदा इच्छुक कृषि फर्म, कृषक समुह तथा कृषि सहकारीहरुवाट दरखास्त आव्हानका लागी यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसुचि २ बमेजिमका कागजात संलग्न राखि कृषि शाखामा प्रस्ताव बुझाउनु हुन अनुरोध छ । यस सम्बन्धमा थप जानकारीका लागी कृषि शाखामा सर्म्पक गर्न अनुरोध छ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर,चितवन
बागमती प्रदेश,नेपाल
२०७३

अनुसूची २

(दफा ५ को उपदफा २ सँग सम्बन्धित ।

## आबेदन फाराम तथा संलग्न गर्नु पर्ने कागजातहरु

श्री कृषि शाखा,
माडी नगरपालिका, चितवन ।

मेरो कृषि फार्म/कृषक समुह/कृषि सहकारिबाट चितवन जिल्ला, माडी नगरपालिका, वडा नं. .......... अन्तंगत ...................... स्थानमा ............................ च्याउ खेती प्रवर्द्दन कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोले सोका लागी लागत अनुमान रु ................... मध्य रु .......... मेरै/हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु......................... अनुदान पाउने व्यवस्थाका लागी तपशिल बमोजिमको कागजात राखि निवेदन पेश गरेको छु /छौं ।

**संलग्न कागजातहरु :**

१. अनुसुचि २ अनुसार को निवेदन

२. अनुसुचि ३ अनुसारको प्रस्ताव

३. संस्था दर्ता प्रमाणपत्रको, स्थायी लेखा नंम्बर र करचुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

४. कार्यक्रम संञ्चालनको लागी संस्थाको आधिकारिक निर्णय तथा अख्तियारीको माइनटको फोटोकपी

५. अख्तियारी प्राप्त गरेको पत्र र अख्तियारी प्राप्त गरेको व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

६. कार्यक्रम संञ्चालनको लागी आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गा भए न्यनतम ८ वर्ष करार सम्झौता पत्रको प्रतिलिपि ।

७. वडा कार्यालयको सिफारिस पत्र

८. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।

**निबेदक**
दस्तखत
नाम थर :
पद :
सम्पर्क नं. :

कृषि फार्म/कृषक समुह/कृषक सहकारीको
नाम
ठेगाना :
छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

अनुसुची ३

(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

१. कृषि फार्म/कृषक समुह/कृषक सहकारीको नाम :

२. ठेगाना :

३. च्याउ खेती हुने जम्मा क्षेत्रफल :

४. विस्तार हुन सक्ने क्षेत्रफल :

५. परियोजना को उदेश्य :

६. अपेक्षित प्रतिफल :

७.लागत बजेट :

| क्र.स. | क्रियाकलापको नाम | जम्मा लागत | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

८. दिगोपनाको योजना : (कम्तिमा ५ बर्षको कार्य योजना)

प्रस्तावक संस्थाको नाम:

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

अनुसुचि ४

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

प्रस्ताबको मूल्याङ्कन मापदण्ड

| क.स | मुल्याङ्कन को आधार | मुल्याङ्कन प्राप्ताङ्क | | |
|---|---|---|---|---|
| | शिर्षक अंकभार | न्युन | सामान्य | उत्तम |
| १ | क्षेत्रफल र विस्तारको सम्भाव्यता | ० | ५ | १० |
| २ | भौगोलिक र वातावरणीय उपयुक्तता | ० | ५ | १० |
| ३ | च्याउ खेतीका विषयमा प्राविधिक ज्ञान, सीप र अनुभव | ० | ५ | १० |
| ४ | निरन्तरताको योजना | ० | ५ | १० |
| ५ | च्याउ खेतीमा संलग्नताको अवस्था | ० | ५ | १० |
| ६ | वजारिकरणको योजना | ० | ५ | १० |
| | जम्मा | | | |

- यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागी समितिले sub-criteria वनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सकिनेछ ।
- प्रस्तावक मुल्याङ्कन प्राविधिक उप समितिले स्थलगत प्रमाणिकरणका आधारहरुलाई वाली अनुसार sub-criteria वनाउन तथा सो अनुसार अकंभार प्रदान गर्न सक्ने छ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

अनुसुचि ५

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

**सम्झौता पत्र**

आ.व ................... वार्षिक स्विकृत कार्यक्रमको आधारमा च्याउ खेती प्रवर्द्दन कार्यक्रम ( च्याउ खेती प्रवर्द्दन कार्यक्रम संचालन कार्यविधि २०७७) अनुसार मिति ....................... मा गरिएको प्रस्ताव आव्हानको सुचना अनुसार यस कार्यालयको ...................... को निर्णयले जम्मा लागत रु ..................... (अक्षररुपि ................................ मात्र) मध्ये कार्यालयवाट रु.................. ( अक्षररुपि .............मात्र) हुने गरि तपशिल अनुसारको च्याउ खेती प्रवर्द्दन कार्यक्रम् संञ्चालन गर्न निम्न अनुसारका शर्तहरुमा मञ्जुर गरि यो संझौता गरिएको छ ।

| क.स | कियाकलाप | जम्मा लागत | नगरपालिकाले व्यहोर्ने | अनुदानग्राहीले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

१. यो सम्झौता पत्र माडी नगरपालिका : प्रथम पक्ष र सम्वन्धित ................... दोस्रो पक्ष विच व्यवसायिक च्याउ खेती प्रवर्द्दन कार्यक्रम संञ्चालन गर्ने कार्यको लागी प्रयोग हुनेछ ।

२. यो सम्झौता दुवै पक्षवाट हस्ताक्षर भएको मितिवाट प्रारम्भ हुनेछ ।

३. दोस्रो पक्षलाई सम्झौता उल्लेख भएवमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र सुरु गनुपर्ने छ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको सम्पन्नता पश्चात मुल्याङकन गरी रकम उपलब्ध गराउनु पर्ने छ ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई रकम भुक्तानी गर्दा सम्वन्धीत प्राविधिकको मुल्याङ्क तथा स्थलगत अनुगमन समितिको सिफारिस को आधारमा भुक्तानी गरिनेछ । दोस्रो पक्षले कार्य गर्दा प्राविधिक को निर्देशनको आधारमा कार्य गर्नुपर्नेछ ।

६. कार्यसम्पन्नता पश्चात भुक्तानी गर्ने सम्वन्धमा प्राविधिकवाट मुल्याङ्क गराई विल सहितको कार्य सम्पन्न प्रतिवेदन फोटो सहितको तयार गरि दोस्रो पक्षले प्रथम पक्ष सँग अनुरोध गर्नुपर्नेछ ।

| प्रथम पक्षको तर्फवाट | दोस्रो पक्ष तर्फवाट नाम : |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| हस्ताक्षर | हस्ताक्षर |
| कार्यालयको छाप : | कार्यालयको छाप : |

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल